आ.व. २०८१।०८२
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

वैठक नं. ०७।०८१।०८२
मितिः-२०८१।१०।२७ गते
स्थानः- ता.न.पा मिनिहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पितामवर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १
तानसेन नगर कार्यपालिकाको मिति २०८१।९।२३ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २
सार्वजनिक तथा सरकारी जग्गामा भौतिक संरचना निर्माण सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्वन्धमा बृहत एवं गहन रुपमा जानकारी एवं छलफल गरियो । सो सम्वन्धमा कतिपय योजनाहरु कार्यान्वयनमा विगत देखि र कतिपय योजनाहरु यसै वर्षको प्रारम्भबाटै सम्झौता भई कार्यान्वयनमा रहेको अवस्था छ,, भने कतिपय योजनाहरुका सन्दर्भमा परम्परा तथा परापूर्व काल देखि मठमन्दिरको रुपमा अस्तित्वमा आएको अवस्था छ । कतिपय यस्ता धर्म परम्परा परापूर्व काल देखि निरन्तर चलन चल्ती र जमिनको उपयोग भएको कारणले सम्झौता भईसकेका विगत देखि नै निर्माणाधीन रहेका एवं अति आवस्यक योजना कार्यक्रमहरु पहिचान गरी नगरी नहुने योजनाहरु वडा कार्यालयहरुको आम भेला र वडा समितिको निर्णय गरी निर्णय भएका योजनाहरु एकिन गरी कार्यान्वयन प्रकृया अगाडी वढाउन निर्देशन दिने निर्णय गरियो । साथै उक्त वाँकी योजनाहरुको सम्वन्धमा तत्तत् निकायहरुमा समेत आवस्यक पहल र प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ३
चालु आ.व.रुरु क्षेत्रमा संचालन भएको माघे शक्रान्ती मेलाको देहाय बमोजिमको आय व्ययको बिवरण बैठकमा जानकारी भयो ।

देहाय

| आम्दानी | खर्च | कैफियत |
|---|---|---|
| ५,६६,०००। | १,०३,०००। | |

निर्णय नं. ४
संशोधित कार्यविधि बमोजिम संघीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आ.व. २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव सहित विवरण तयार गरी मिति २०८१ फाल्गुण १५ गते भित्र पेश गर्नका लागि आह्वान गरिएकोमा तोकीएको समय सीमा भित्र आयौजना तथा कार्यक्रमहरु पेश गर्नका लागि तत्काल आवश्यक कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५
नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रलाई सडक बत्ती बापतको तिर्नुपर्ने महसुल भुक्तानीको लागि चालु आ.व.को नगर विकास योजनाको नगरस्तरीय विषयगत कार्यक्रम अनुसूची-६ को सि.नं. ५७ को मेयर पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट रकम रु.५०००००। (अक्षेरुपी पाँच लाख) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६
बाँकी वक्यौता बहाल बिटौरी असुली सम्बन्धमा हालसम्म नगरपालिकालाई प्राप्त गर्नुपर्ने सम्पूर्ण रकम ( गाउँ नगर साझेदारी समेत) असुलीमा सहजिकरणको लागि देहाय बमोजिमको वक्यौता राजश्व अशुली

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

समिति गठन गर्ने र उक्त समितिवाट तत्काल कार्य सम्पादन गरी २०८२ आषाढ मशान्त भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**देहाय :**

| | | |
|---|---|---|
| १. श्री यादव सिंह कार्की | वडा अध्यक्ष वडा नं.११ | संयोजक |
| २. श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष वडा नं.४ | सदस्य |
| ३. श्री सबिता भट्टराई | का.पा. सदस्य | सदस्य |
| ४. श्री मन्जु वि.क. | का.पा. सदस्य | सदस्य |
| ५. श्री मधुसुदन घर्ती | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ७**

तानसेन नगरपालिका वडा नं. ४ को कार्यालय भाडामा लिई सञ्चालन हुँदै आएको र हाल कार्यालय भवन निर्माणको लागि जग्गा व्यवस्थापन नभएको हुँदा तत्कालका लागि जिल्ला हुलाक कार्यालयको खाली कोठाहरु माग गर्नको लागि जिल्ला प्रशासन कार्यालय, पाल्पासँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपलिका क्षेत्रभित्र सञ्चालन हुने मेला महोत्सव कार्यलाई व्यवस्थित गर्न **मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८१** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

**विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण स्रोत केन्द्र सञ्चालन निर्देशिका, २०८१** स्वीकृत गर्ने निर्णय गरियो । साथै स्रोत केन्द्र सञ्चालन गर्नका लागि तानसेन नगरपालिका वडा नं. ३ स्थित पद्म पब्लिक माध्यामिक विद्यालयको ३ (तीन) वटा कोठामा श्रोत केन्द्र संचालन एवं व्यवस्थापन गर्ने र सो केन्द्र संचालनका लागि आवस्यक पर्ने वजेट ता.न.पा.को विपद् व्यवस्थापन शिर्षकमा विनियोजन गरिएको वजेटवाट साझेदारीमा कार्यक्रम संचालन गर्ने प्रतिवद्धता गरियो । उक्त कार्यक्रम तत्काल संचालन एवं व्यवस्थापन गर्न आवस्यक प्रकृया अगाडि बढने निर्णय गरियो ।

**निर्णय नं. १०**

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गतका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमको कानून स्वीकृत गर्ने साथै सो अन्तर्गतका यस आ.व.का योजना तथा कार्यक्रमहरु तत्काल कार्यान्वयन गर्नका लागि टेण्डर प्रकृयामा लैजाने  निर्णय गरियो ।

**देहाय :**

(१) अनुगमन तथा सुपरिबेक्षण कार्यविधि, २०८१
(२) गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१
(३) मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
(४) स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
(५) स्थानीय पूर्वाधार विकास निर्देशिका, २०८१

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको मिति २०८१।१०।२६ गतेसम्मको आयतर्फ रकम रु.५४७४७००६६।१९ र खर्च ३६५५४८१३९।४८ आय व्यय विवरण बैठकमा जानकारी भएकोमा स्वीकृत गरी सार्बजनिक गर्ने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. १२**
तानसेन नगरपालिकाको योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिताको लागि नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको मिति २०८१।१०।२५ गतेको निर्णयबाट सिफारिस गरिए बमोजिम योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**
चालु आ.व.को नगर विकास योजना तर्फ वडास्तरीय योजना तथा कार्यक्रमको वडा नं. १ को बिसिनचिदी टोलमा बाटो, खानेपानी स्तरोन्नती योजनाको लागि रकम रु. १० लाख विनियोजन भई तीन स्थानमा (वातखोला झर्ने अधुरो बाटो, बिसिन चिदी खानेपानी टंक देखि माथि निस्कने अधुरो बाटो र तल्लो पानीटंकी देखि वस्ती सम्मको नयाँ बाटो) को उक्त योजनाको कार्यसम्पन्न भएको सिफारिस सहितको कागजातहरु वडा कार्यालयबाट प्राप्त भई आएको हुँदा प्राविधिक मूल्यांकन बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**
बेलटारीघाट झो.पु.को फेब्रिकेशन सम्मग्रीहरु आ.व.२०८०/०८१ मा बोलपत्रद्वारा खरिद गरिएको प्राविधिक मूल्यांकन तथा जुनकिरी इन्डस्ट्रिज प्रा.लि., बुटवल (बोलपत्रदाता) बाट पेश भए वमोजिमको वील अनुसारको रु.१८१०३८३।१० (अठारलाख दशहजार तीनसय तिरासी पै.दश मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशद्धारा तानसेन् नगरपालिका वडा नं. १३ स्थित ऐतिहाँसिक रानीमहल दरवारमा मिति २०८१ माघ ३० गते हुने अन्तर प्रदेश स्तरीय (लुम्बिनी-गण्डकी प्रदेश) को समन्वयात्मक वैठकमा सहजिकरण गर्ने तानसेन नगरपालिका र वगनासकाली गाउँपालिकावाट बैठकमा उपस्थित पाहुनाहरुको खाजा, खाना तथा अन्य व्यवस्थापन खर्चको ५०/५० लागत सहभागितामा गर्ने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख